## सूचना २

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी न्यून आय वर्गलाई लक्षित गरी सञ्चालन हुने आवास आयोजनाहरू प्रवर्द्धन गर्न आवास कम्पनीहरूले ३५० स्क्वायर फीट (Net living space) सम्मको घर वा फ्लाट बनाई त्यसको आंशिक भाग वा पूरै बहाल दिई घर भाडा बापत प्राप्त गरेको आयमा लाग्ने आयकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०४६ को अनुसूची ९ को खण्ड ६ बमोजिम नगर विकास समितिहरूले श्री ५ को सरकारबाट स्वीकृत योजनाबमोजिम आवास आयोजना सञ्चालन गर्ने र जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा जग्गा बिक्री गर्दा पारित गरिने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्णरूपले छूट दिने निर्णय गरेको छ ।

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०४७ आषाढ मसान्तसम्मको लागि ४८ घण्टा भन्दा बढी बढीमा ५ दिनसम्मको नेपाल अधिराज्यभित्र नेपाल आयल निगमले पेट्रोलियम पदार्थ आपूर्ति गर्न प्रयोग गर्ने विदेशी टैंकरहरूमा लाग्ने अस्थायी पैठारी महशूल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०२